## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/३/२६ गते शुक्रवार देखि २०६६/४/१ गते बिहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार २४३४ कारोबारबाट ३९ करोड ४० लाख २४ हजार रुपैयाँ बराबरका १० लाख ८१ हजार २ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३.०६ प्रतिशतले वृद्धि भएको हो । गत साता ४५०२ शेयर कारोबारबाट ३८ करोड २३ लाख १३ हजार रुपैयाँ बराबरका ९ लाख ३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र २१ करोड १९ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५३.७८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २४.८१ अंकले वृद्धि भई अन्तिम दिन ७३५.८७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह<br>दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७५०.९६ | ४३४.३२ | ३६७.४२ | ६६३.८१ | ९१०.९७ | २९५.८३ | ६३५.६७ | ६८४.४५ | ७४३.९४ | ७११.०६ | १९०.९७ | ६८.४० |
| दोस्रो | ७५४.६७ | ४३४.३२ | ३६७.४२ | ६८१.४३ | ९१२.७५ | २९५.८३ | ६३५.४८ | ६९०.८९ | ७५१.४५ | ७१७.४६ | १९२.१३ | ६८.८६ |
| तेस्रो | ७८०.२४ | ४३४.३२ | ३६७.४२ | ७२३.७२ | ९८०.४५ | २९५.८३ | ६५६.४१ | ६९६.८६ | ७६७.४४ | ७४३.६९ | १९८.१९ | ७०.९४ |
| चौथो | ७८०.८७ | ४३४.३२ | ३६७.४२ | ७३८.९९ | १०४४.८१ | २९५.८३ | ६५६.४१ | ६९७.०८ | ७७२.५६ | ७४९.११ | १९८.७७ | ७१.२२ |
| पाँचौं | ७६४.४८ | ४३४.३२ | ३६७.९९ | ७२४.८९ | १०२८.४३ | २९५.८३ | ६५७.३१ | ६९२.१९ | ७६४.०१ | ७३५.८७ | १९५.१८ | ७०.०८ |
| परिवर्तन | १३.५२ | ०.०० | ०.५७ | ६१.०८ | ११७.४६ | ०.०० | २१.६४ | ७.७४ | २०.०७ | २४.८१ | ४.२१ | १.६८ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ४.२१ अंकले वृद्धि भई १९५.१८ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (६ करोड ४७ लाख रुपैयाँ) को आधारमा नेपाल वंगलादेश बैंक, शेयर संख्या (५ लाख ४४ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (२९६ वटा) को आधारमा बैंक अफ एशिया नेपाल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
| --- | --- | --- |
| १ | नेपाल बंगलादेश बैंक | ६४.७७ |
| २ | नेशनल हाइड्रो पावर कम्पनी | ५०.५५ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ४९.१५ |
| ४ | बैंक अफ काठमाण्डू | २७.५५ |
| ५ | नबिल बैंक | १९.०६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
| --- | --- | --- | --- |
| १ | क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स | वोनस | २,७८,७७८ कित्ता |